

# ६ बाइबलको व्याख्या गर्नु वा अर्थ खोल्नु किन आवश्यक छ?

*__यस अध्यायका मूल पदहरू__*: लूका २४:३६-४५, १ कोरन्थी १२:१०, १ कोरन्थी १४:२६, प्रेरित १७:१६:३२ र यूहन्ना १२:४२,४३।

*__यस अध्यायको मूल सार पद__*: **"विश्वास वा आस्था बिना उहाँलाई खुशी पार्न असम्भव छ। जो व्यक्ति परमेश्वरकहाँ आउँछ उसले उहाँ को हुनुहुन्छ भनेर विश्वासै गर्नुपर्छ। जसले उहाँलाई लगनशीलताकासाथ खोज्छन् उहाँले तिनीहरूलाई इनाम दिनुहुन्छ।" (हिब्रू ११:६ रूपान्तरित)।**

बाइबल पढ्नु पनि बाइबललाई व्याख्या गर्नु वा त्यसको अर्थ खोल्नु हो। तर बाइबल पढ्नु नै व्याख्या गर्नु हो भनेर कसरी बुझ्ने त? बाइबल पढ्ने कुन नीति वा सिद्धान्तहरूलाई अपनाउने वा प्रयोग गर्ने? बाइबलमा विभिन्न शैलीहरू छन् र बिभिन्न खालका लेखहरू छन्। त्यसलाई हामीले कसरी बुझ्ने? हामीले पढिरहेको अंश अर्तीकथा वा दृष्टान्त के हो ? स्वप्न दर्शनमा दिइएका प्रतीकहरू हुन् वा ऐतिहासिक वर्णन हो? त्यस्ता खालका महत्त्वपूर्ण प्रश्नहरूको जवाफ पाउन ती अंशहरू बाइबलमा कुन् सन्दर्भ वा प्रसङ्गमा लेखिएको हो सो थाहा पाउनुमा नै बाइबललाई व्याख्या गर्ने ज्ञान समावेश भएको हुन्छ।

कतिपय मानिसहरू बाइबल परमेश्वरको बोली हो त्यसकारण आफू कुन बाटोमा हिंड्ने हो सो बाइबल पढेर थाहा पाउन सकिन्छ भन्दै आफू सुहाउँदो पद खोज्छन्। तर जथाभावी बाइबल पढेर आफ्नो भनाइ पुष्टि गर्न बाइबल पढिन्छ भने त्यसले अन्यत्र बाटोतिर डोऱ्याउँछ र अन्तमा त्यसले गलत ठाउँमा पुऱ्याउन सक्छ।

जस्तैः- जब कुनै श्रीमान् परस्त्रीको पछि लागेर आफ्नी श्रीमतीलाई छोड्छ अनि उसले यो पद पढेर आफ्नो चिन्ता निवारण भएको महसुस गर्न सक्छ "म तिम्रो र स्त्रीको बीचमा शत्रुता राखिदिन्छु" (उत्पत्ति ३:१५ रूपान्तरित)। अनि आफ्नो श्रीमान् अरूसँगको लपपसमा धेरै समयसम्म बस्नेछैनन् भनेर श्रीमतीहरू विश्वस्त हुनसक्छन्।

यसरी कुनै पनि पद कुन सन्दर्भ वा परिवेशमा लेखिएको हो सो सोचेर पढिएन भने त्यो आफ्नै धारणालाई पुष्टि गर्न र आफू सुहाउँदो नीति अवलम्बन गर्ने बहाना मात्र हुनसक्छ। त्यकारण बाइबल पढ्नुमात्र होइन त्यसको अर्थ थाहा पाउन पनि उत्तिकै जरूरी हुन्छ।

## १. पूर्वाअनुमान् वा पूर्वधारणा

**लूका २४:३६-४८मा एक रोचक प्रसङ्ग छ। यहाँ चेलाहरू धर्मशास्त्रप्रति धेरै परिचित भएको देखाइएको छ तैपनि परमेश्वरको वचनको सही अर्थ तिनीहरूले बुझ्न सकेका थिएनन्। धर्मशास्त्रमा भविष्यवाणी गरिए अनुसार जे हुनु थियो त्यहीं भएको देख्दा पनि तिनीहरूले येशूको विषयमा भएका घट्नाहरूलाई बुझ्न सकिरहेका थिएनन्। त्यो बुझ्न तिनीहरूलाई केले बाधा पुऱ्याएको थियो? हेर्नुहोस्, "३६ तिनीहरूले यी कुरा गर्दागर्दै येशू तिनीहरूका बीचमा खड़ा हुनुभयो, र भन्नुभयो, "तिमीहरूलाई शान्ति होस्।" ३७ तिनीहरू तर्से, र डरले आत्तिए, र "हामीले त प्रेत देखिरहेछौं" भन्ने सम्झे। ३८ तर उहाँले तिनीहरूलाई भन्नुभयो, "तिमीहरू किन विचलित हुन्छौ, र तिमीहरूका हृदयमा किन शङ्का उत्पन्न हुन्छ? ३९ मेरा हात र मेरा पाउ हेर, म नै हुँ, मलाई छोएर हेर। किनकि प्रेतको मासु र हाड हुँदैन, तर तिमीहरू देख्छौ, मेरा त छन्।" ४० यसो भन्नुभएपछि उहाँले तिनीहरूलाई आफ्ना हात र पाउ देखाउनुभयो। ४१ तर खुशीले पत्यार गर्न नसकी तिनीहरू छक्क पर्दा उहाँले तिनीहरूलाई भन्नुभयो, "के तिमीहरूसित यहाँ केही खानेकुरो छ?" ४२ तिनीहरूले पकाएको माछाको एक टुक्रा उहाँलाई दिए। ४३ अनि उहाँले त्यो लिएर तिनीहरूकै सामुन्ने खानुभयो। ४४ उहाँले तिनीहरूलाई भन्नुभयो, "तिमीहरूसँग हुँदा मैले बोलेका वचनहरू यी नै हुन्, अर्थात् मोशाको व्यवस्था, अगमवक्ता र भजनका पुस्तकमा मेरो विषयमा लेखिएका सबै कुरा पूरा हुनैपर्छ।" ४५ तब धर्मशास्त्र बुझ्नलाई उहाँले तिनीहरूको समझ खोलिदिनुभयो। ४६ उहाँले तिनीहरूलाई भन्नुभयो, "यसो लेखिएको छ, कि ख्रीष्टले दुःख भोग्नु र तेस्रो दिनमा मृतकबाट**

**जीवित हुनुपर्छ, ४७ अनि यरूशलेमबाट सुरु गरेर सबै जातिहरूलाई उहाँको नाउँमा पश्चात्ताप र पाप-क्षमाको प्रचार हुनुपर्छ। ४८ तिमीहरू यी नै कुराका साक्षी हौ।"**

कसैले पनि खाली दिमागले धर्मशास्त्रको पद पढ्दैन। प्रत्येक पाठक वा धर्मशास्त्रका प्रत्येक विद्यार्थी कुनै खास इतिहास र व्यक्तिगत अनुभवको आधारमा बाइबल पढ्छन् जसले गर्दा त्यसको व्याख्या गर्न वा अर्थ बुझ्न सक्छन्। मसीह को हुनुहुन्थ्यो र के हुनुपर्थ्यो भन्ने आफ्नै विशेष धारणा चेलाहरूमा थियो। त्यो धारणा त्यसबेलाको चलनचल्ती वा धारणा अनुसारै थियो। तिनीहरूको दिमागमा बलियो गरि घुसेको लोकप्रिय धारणाले गर्दा बाइबलका पदहरूलाई स्पष्टरूपमा बुझ्न सकेका थिएनन्। त्यसैले कतिपय समयमा तिनीहरूले येशूलाई गलत पनि सम्झेका थिए । जसले उहाँको जीवन, मृत्यु र पुनरुत्थानका घट्नाहरूलाई तिनीहरूले किन बुझ्न सकेनन् भनेर देखाउँछ।

यस संसारको बारेमा धेरै धारणाहरू, यसको वास्तविकता तथा परमेश्वरको बारेमा हामीले पूर्वानुमान गरेका हुन्छौं जसमा हाम्रो संस्कार र वातावरणको प्रभाव परेकै हुन्छ। यदि कोही व्यक्ति यस संसारमा परमेश्वरको अलौकिक हस्तक्षेप वा उहाँको अस्तित्वलाई स्वीकार गर्न चाहदैन वा नास्तिक बनिरहन चाहान्छ भने त्यस व्यक्तिले बाइबल पढ्न पनि चाहँदैन न त विश्वको इतिहासमा परमेश्वरको क्रियाकलापको बारेमा सही वा विश्वसनीय प्रमाणप्रति चासो नै देखाउँछ। तर अलौकिक परमेश्वरको वास्तविकतालाई कसैले विश्वास गर्छ भने उसले बाइबल पढ्दा अर्कै रुचि देखाएर व्याख्या पनि गर्दै पढ्दछ।

कसैले बाइबललाई व्याख्या गर्न चाहन्छ वा त्यहाँ भएका पदहरूको अर्थ खोल्न चाहन्छ भने पनि त्यसमा उसको पृष्ठभूमि, अनुभव, र धारणाहरू अनि त्यसको बारेमा विगतमा उसले सिकेका ज्ञान वा व्यक्तिगत बिचारले कुनै न कुनै किसिमको प्रभाव परिरहेको हुन्छ। मध्यमार्गी वनेर वा मैले केही जानेको छैन त्यसकारण बाइबलले जे भन्छ त्यसलाई म पूरा विश्वास गर्छु भनेर सच्चा हृदयले कसैले पनि बाइबल अध्ययन गर्दैन।बरू संसार र परमेश्वरको स्वभावको बारेमा पहिला नै जानकारी पाएकाहरूले बाइबल अध्ययन गर्दा त्यसको शिक्षालाई पहिला नै प्राप्त भएको सूचनाका आधारमा थपघट गर्दै बाइबल अध्ययन गरेको हुन्छ।

तर खुशीको कुरा त यो छ कि हाम्रो सिमित दृष्टिकोण, ज्ञान र अनुमान वा पूर्व अनुमानहरूलाई सच्याउन वा बाइबललाई खुला दिलले पढ्न हामीलाई पवित्र आत्माले सहयोग गर्नुहुन्छ। तर बाइबल पढ्दा त्यसबाट सिक्न हामीमा इमान्दार हृदय हुनुपर्छ र मनमा शङ्का नराखी खुला दिमागले अध्ययन गर्नुपर्छ। विभिन्न पृष्ठभूमि भएका मानिसहरूलाई परमेश्वरको वचन बुझाउन र सबै सत्यतिर तिनीहरूलाई अगुवाई गराउन (यूहन्ना १६:१३) पवित्र आत्माले सामर्थ बनाउनुहुन्छ भनेर बाइबलले बारम्बार वताएको छ।

**संसारको बारेमा तपाईंको आफ्नै धारणाहरू के छ? ती सबै धारणाहरूलाई परमेश्वरको वचनमा सुम्पेर तपाईंका धारणाहरू बाइबलले सिकाए बमोजिम वनाउन वा बाइबलकै ढाँचामा राख्न तपाईंसँग के के उपायहरू छन् ?**

## २. अनुवाद र व्याख्या वा अर्थ खोल्ने काम

बाइबल धेरै पुरानो भाषामा लेखिएको थियो। पुरानो करार प्रायजसो हिब्रू भाषामा लेखिएको थियो। त्यसमा केही अंशहरू आरामिक भाषामा लेखिएका थिए। ती भाषाहरू इस्राएलमा येशूको समयमा पनि चलन चल्तीमा थिए। नयाँ करार क्वाइना ग्रीक भाषामा लेखिएको थियो।तर आज अधिकांश मानिसहरू ती पौराणिक भाषाहरू पढ्नैनन् र बोल्दैनन्। त्यसैले गर्दा बाइबल चलनचल्तीमा आएका विभिन्न आधुनिक भाषाहरूमा अनुवाद गर्नुपर्ने आवश्यकता थियो। कुनै पनि अनुवाद गर्ने व्यक्तिलाई यो थाहा हुन्छ कि जब कुनै सामग्री अनुवाद गरिन्छ त्यसबेला कुनै न कुनै तरिकाले व्याख्या गरेर वा अर्थ बुझाएर अनुवाद गरिन्छ। एउटा भाषामा भएका केही शब्दहरू अर्को भाषामा त्यही कुरा बुझाउन ठ्याक्कै शब्द हुँदैनन्।त्यस अवस्थामा होशियारीसाथ अनुवाद गर्ने दक्षता र कला वा बाइबलका शब्द वा अंशहरूलाई व्याख्या गर्ने तरिकालाई "हर्मेन्युटिकस" (hermeneutics) भनिन्छ।

**देहायका पदहरूले अनुवाद र व्याख्या गर्ने धारणालाई देखाउँछ। लूका २४:२७मा धर्मशास्त्रको अर्थ चेलाहरूलाई बुझाइएको थियो। त्यसर्थ बाइबल भनेको सरर पाठ गर्ने पुस्तक होइन तर अर्थ बुझेर व्याख्या गरेर पढ्नु पर्ने अत्यन्तै महत्त्वपूर्ण पुस्तक हो भनेर हामीले बुझ्नुपर्छ? हेर्नुहोस्, १ कोरन्थी १२:४-११ तर विशेष गरेर १० पद "४ वरदानहरू विभिन्न किसिमका छन्, तर पवित्र आत्मा एउटै हुनुहुन्छ। ५ सेवाहरू धेरै थरीका हुन्छन्, तर प्रभु एउटै हुनुहुन्छ। ६ कामहरू धेरै किसिमका छन्, तर उनै परमेश्वरले हरेकलाई ती**

काम गर्ने प्रेरणा दिनुहुन्छ। ७ सबैको हितको लागि नै पवित्र आत्माको काम प्रकट हुन हरेकलाई दिइएको छ। ८ कसैलाई पवित्र आत्माद्वारा बुद्धिका कुरा बोल्ने, कसैलाई उनै पवित्र आत्माअनुसार ज्ञानका कुरा बोल्ने, ९ कसैलाई उनै पवित्र आत्माद्वारा विश्वास गर्ने, कसैलाई उनै एक पवित्र आत्माद्वारा रोग निको पार्ने वरदानहरू दिइएका छन्, १० *कसैलाई आश्चर्य कामहरू गर्ने, कसैलाई अगमवाणी बोल्ने, कसैलाई आत्माहरू छुट्टयाउन सक्ने, कसैलाई भिन्न-भिन्न किसिमका भाषाहरू बोल्ने, कसैलाई चाहिँ ती भाषाहरूको अर्थ खोलिदिने*। ११ तर यी सबै उनै एक पवित्र आत्माका कामहरू हुन्। उहाँले हरेकलाई उहाँको इच्छाअनुसार वरदान दिनुहुन्छ।", १ कोरन्थी १४,२६ "भाइ हो, अब हामी के भनौं त? तिमीहरू एकसाथ भेला हुँदा हरेकसँग भजन, वा शिक्षा, प्रकाश, अन्य भाषा वा अर्थ खोलाइ हुन्छ। यी सबै कुरा आत्मिक वृद्धिको निम्ति गरिऊन्।", यूहन्ना १:३८-४२ विशेष गरेर ४१ "३८ येशूले फर्केर हेर्नुभयो, र तिनीहरूलाई पछिपछि आइरहेका देखेर तिनीहरूलाई सोध्नुभयो, "तिमीहरू के खोज्दैछौ?" तिनीहरूले उहाँलाई भने, "रब्बी (जसको अर्थ हो, गुरुज्यू), तपाईं कहाँ बस्नुहुन्छ?" ३९ उहाँले तिनीहरूलाई भन्नुभयो, "आओ, र तिमीहरूले देख्नेछौ।" तिनीहरू गए, र उहाँ बस्नुभएको स्थान देखे। तिनीहरू त्यो दिन उहाँसँग वास बसे, किनभने प्रायः चार बजिसकेको थियो। ४० यूहन्नाले भनेका कुरा सुन्ने र येशूलाई पछ्याउने ती दुई जनामध्ये एक जना सिमोन पत्रुसका भाइ अन्द्रियास थिए। ४१ *तिनले पहिले आफ्ना भाइ सिमोनलाई भेट्टाए, र उनलाई भने "हामीले मसीहलाई (जसको अर्थ हो, ख्रीष्ट) भेट्टाएका छौं*।" ४२ तिनले सिमोनलाई येशूकहाँ ल्याए। येशूले उनलाई हेर्नुभयो र भन्नुभयो, "तिमी योआनेसको छोरा सिमोन हौ, तिमी केफास (जसको अर्थ हो, चट्टान) भनिनेछौ।", यूहन्ना ९:१-७, विशेष गरेर ७ पद " १ त्यहाँबाट जाँदैगर्दा येशूले एक जना जन्मैको अन्धालाई देख्नुभयो। २ उहाँका चेलाहरूले उहाँलाई सोधे, "रब्बी, कसले पाप गऱ्यो, यसले कि यसका आमा-बुबाले, र यो अन्धो जन्म्यो?" ३ येशूले जवाफ दिनुभयो, "न त यसले पाप गऱ्यो न यसका आमा-बुबाले, तर यो यस हेतुले भयो कि परमेश्वरको काम यस मानिसको जीवनमा प्रकट होस्। ४ मलाई पठाउनुहुनेका कामहरू हामीले दिन छँदै गर्नुपर्छ। रात आउँछ, जब कसैले काम गर्न सक्दैन। ५ म संसारमा रहुञ्जेल म संसारको ज्योति हुँ।" ६ यी कुरा भनेर उहाँले भूइँमा थुक्नुभयो, र थूकले माटो मुछेर लेप बनाई त्यसका आँखामा लगाइदिनुभयो। ७ अनि उहाँले त्यसलाई भन्नुभयो, "जाऊ, सिलोआमको (जसको अर्थ हो, पठाइएको)

तलाउमा गएर पखाल।" त्यसले गएर पखाल्यो, र देख्ने भएर फर्क्यो।", प्रेरित ९:३६ "योप्पा नगरमा तबीता, अर्थात् डोरकास (हरिणी) भन्ने एउटी शिष्य थिइन्। तिनी असल काम गर्न र दान दिनमा लागिरहन्थिन्।" र लूका २४:२५-२७ "२५ उहाँले तिनीहरूलाई भन्नुभयो, "ए अबूझ मानिस हो, तिमीहरूका हृदय यति सुस्त भएको छ, कि अगमवक्ताहरूले भनेका कुराहरू विश्वास गर्दैनौ! २६ के ख्रीष्टले यी कष्टहरू भोग्नु र आफ्नो महिमामा प्रवेश गर्नु आवश्यक थिएन र?" २७ तब मोशा र सबै अगमवक्ताहरूबाट सुरु गरेर उहाँले धर्मशास्त्रमा आफ्नो विषयमा लेखिएका कुराहरूको अर्थ तिनीहरूलाई खोलिदिनुभयो।"

ग्रीक भाषाको शब्द हरमेन्युओ (hermeneuo) जसबाट हरमेन्युटिक्स (hermeneutics) (बाइबललाई वाख्या गर्ने तरिका) भन्ने शब्द आएको हो। यो शब्द ग्रीकको देवता हर्मस (Hermes) भन्ने नाउँबाट आएको हो। हर्मस भन्ने देवतालाई देवीदेवताहरूका दूत र प्रतिनिधिको रूपमा मान्दथे। ती दूतले गर्ने धेरै कामहरूमध्ये देवताले दिएका सन्देशहरू मानिसहरूले बुझ्ने भाषामा अनुवाद गर्नु पनि थियो।

हामीले हर्मन्युटिक्स शब्दलाई किन ब्यख्या गर्यौं भने, सुरूको भाषामा लेखिएको बाइबल राम्रोसँग बुझ्न सकिन्छ। तर ती भाषा नपढ्नेहरूको निम्ति त्यो बुझ्न सम्भव छैन। त्यसैले बाइबल अध्ययन गर्दा हामी ती भाषाहरूबाट गरिएका अनुवादहरूमात्र  पढ्छौं। भाग्यवस बाइबल अनुवाद गर्ने धेरै जसो अनुवादकहरूले बाइबलले के भन्न खोजिरहेको छ सो सन्देश दिन असलै काम गरिरहेका हुन्छन्। हाम्रो मुक्ति र  हामीलाई चाहिने बाइबलीय शिक्षा वा निर्णायक सत्यहरू बुझ्न बाइबल लेखिएको सुरूको भाषा जान्नैपर्छ भन्ने छैन। भाषा सम्बन्धी ज्ञानहरू भए बाइबल बुझ्न सजिलो हुन्छ भन्ने कुरामा विवाद त छैन। तैपनि लूका २४:२७ अनुसार असली भाषामा अनुवाद गरिएको र उचित व्याख्या गरिएको बाइबल पढ्नुलाई महत्त्वपूर्ण नै मान्नुपर्दछ। हर्मन्युटिकसको मूल लक्ष्य यही हो: बाइबलको पदले के भन्न खोजेको छ त्यसको ठिक अर्थ बुझाउने र हाम्रो जीवनमा त्यसलाई कसरी लागु गर्ने। येशूले आफ्ना चेलाहरूलाई त्यही तरिका सिकाउनुभएको थियो भनेर लूका २४:२७मा हामीले हेर्‍यौं। येशू आफैले बाइबलका पदहरूको अर्थ तपाईंलाई वताउनु भएको भए तपाईंले कस्तो अनुभव गर्नुहुन्थ्यो होला?

धेरै मानिसहरूसँग बाइबलका विभिन्न अनुवादहरू भएको हुनसक्छ तर कतिपयसँग हुँदैन (अहिले इन्टरनेटबाट बाइबलको धेरै जसो अनुवादहरू पढ्न पाइन्छ)। तर तपाईंसँग जुनसुकै भाषामा अनुवाद गरिएको भएपनि बाइबल छ र तपाईंले बाइबल पढ्ने बेलामा प्रार्थना गरेर त्यहाँ लेखिएका शिक्षाहरू बुझ्न सकुँ र पालना गर्न सकुँ भनेर प्रतिवद्ध हुन किन जरुरी छ?

## ३. बाइबल, संस्कार र संस्कृति

पावलले नयाँ परिवेसमा सुसमाचार सुनाउने प्रयास गरेका थिए: त्यो थियो तत्कालीन प्रचलित र लोकप्रिय ग्रीक संस्कृति, संस्कार र सभ्यता। जहाँ मूर्तिपूजा, बौद्धिकज्ञान वा मानवीय साहित्य तथा दर्शनहरूको प्राथमिकता, पाश्चत्य संस्कार आदि समाबेश भएका थिए। ती विभिन्न सांस्कृतिक, दर्शन, साहित्य र धर्म तथा संस्कारको विभिन्न धारणाहरूको महत्त्वलाई हामीले कसरी मूल्याङ्कन गर्ने हेर्नुहोस्, प्रेरित १७:१६-३४ "१६ पावलले तिनीहरूलाई एथेन्समा पर्खिरहँदा, त्यो सहरलाई मूर्ति नै मूर्तिले भरिएको देखेर तिनको आत्मा तिनीभित्र व्याकुल भयो। १७ यसैकारण तिनले यहूदीहरू र ईश्वरभक्त जनहरूसँग सभाघरमा, र भेटिएका जतिसँग चाहिँ बजारमा दिनहुँ तर्क गर्थे। १८ इपिक्युरी र स्तोइकी दार्शनिकहरूमध्ये पनि कतिले तिनीसँग वाद-विवाद गरे। उनीहरू कतिले भने, “यो बकबके के भन्छ?” अरूहरूले भने, “अरू कुनै विदेशी देवी-देवताहरूको प्रचार गर्नेजस्तो देखिन्छ।” किनकि तिनले येशू र मृतकबाट जीवित हुने कुराको प्रचार गर्थे। १९ तब उनीहरूले तिनलाई अरियोपागसमा लगे र सोधे, “तपाईंले दिनुभएको यो नयाँ शिक्षा के हो, के हामी जान्न सक्छौं? २० किनकि तपाईं हाम्रो कानमा अनौठा कुराहरू सुनाउँदैहुनुहुन्छ। यसकारण यी कुराको मतलब के हो सो हामी जान्न चाहन्छौं।” २१ सबै एथेन्सबासीहरू र त्यहाँ बस्ने विदेशीहरू नौलो-नौलो कुरा भन्न वा सुन्नबाहेक आफ्नो समय अरू कुनै कुरामा बिताउँदैनथे। २२ पावलले अरियोपागसको बीचमा खड़ा भएर भने, “एथेन्सका मानिस हो, तपाईंहरूलाई म सब कुरामा अति धर्मानुरागी देख्तछु, २३ किनकि घुमफिर गर्दैजाँदा तपाईंहरूले पुज्ने वस्तुहरू मैले देखे। मैले एउटा यस्तो वेदी पनि भेट्टाएँ जसमा “अज्ञात देवताको निम्ति” भन्ने खोपिएको रहेछ। यसैले जसलाई तपाईंहरू नजानिकन पुज्नुहुन्छ उनलाई म तपाईंहरूका माझमा घोषणा गर्दछु। २४ “परमेश्वर, जसले संसार र त्यसमा भएका यावत् थोक बनाउनुभयो, उहाँ स्वर्ग र पृथ्वीका प्रभु भएका हुनाले हातले बनाएको मन्दिरमा

वास गर्नुहुन्न, २५ उहाँलाई कुनै थोकको खाँचो परेजस्तो गरी मान्छेको हातबाट उहाँको सेवा हुनुपर्छ भनी नसोच्नुहोस्। किनभने उहाँले नै सबैलाई जीवन, सास र सबै चीज दिनुहुन्छ। २६ उहाँले एक जनाबाट समस्त पृथ्वीमा वास गर्न मानिसको प्रत्येक जाति बनाउनुभयो। तिनीहरूका निवासका अवधि र सीमा पनि तोकिदिनुभयो, २७ तिनीहरूले परमेश्वरलाई खोजून्, शायद तिनीहरूले छामछुम गरेर उहाँलाई भेट्टाउलान् कि भन्ने आशामा यसो गरियो। तर पनि उहाँ हामी हरेकबाट टाढ़ा हुनुहुन्न।

२८ किनभने "हामी उहाँमा जिउँछौं, र उहाँमा चहलपहल गर्छौं र उहाँमा हाम्रो अस्तित्व छ।" तपाईंहरूका आफ्नै कविहरूले पनि भनेका छन्, 'हामी निश्चय उहाँकै सन्तान हौं।' २९ "तब हामी परमेश्वरका सन्तान भएका हुनाले, परमेश्वर सुन, चाँदी वा पत्थरजस्तै हो भनी हामीले ठान्नुहुँदैन– यिनीहरूचाहिँ मान्छेका कला र कल्पनाका प्रतिरूप मात्र हुन्। ३० यस्तो अज्ञानताका समयलाई परमेश्वरले ध्यान दिनुभएन, तर अब प्रत्येक ठाउँमा सब मानिसहरूलाई पश्चात्ताप गर्ने आज्ञा दिनुहुन्छ। ३१ किनकि उहाँले एक दिन तोकिदिनुभएको छ, जुन दिन उहाँले आफूले नियुक्त गर्नुभएका एक जना व्यक्तिद्वारा धार्मिकतामा संसारको इन्साफ गर्नुहुनेछ। उनलाई मृतकबाट जीवित पार्नुभएर उहाँले सबै मानिसहरूलाई यसको प्रमाण दिनुभएको छ।" ३२ जब तिनीहरूले मृतकबाट जीवित हुने विषयमा सुने, तब कसै-कसैले गिल्ला गरे। तर अरूहरूले चाहिँ "हामी फेरि यस विषयमा तिम्रा कुरा सुन्नेछौं" भने। ३३ त्यसपछि पावल तिनीहरूका बीचबाट गए। ३४ तर कोही मानिसहरू तिनका साथ लागे, अनि विश्वास गरे। तिनीहरूमध्ये अरियोपागसका डियनुसियस, दामारिस नाउँ भएकी एउटी स्त्री, र अरूहरू पनि थिए।"

पूर्वी तथा पाश्चात्य संस्कार वा संस्कृति अनि सभ्यताको पृष्ठभूमिको ज्ञान पाउँदा बाइबलका केही अंशहरूलाई बुझाउन सहयोग मिल्दछ। "उदाहरणको लागि जस्तै, कुनै मानिसले जानाजानी कुनै काम गर्न नचाहँदा नचाहँदै पनि गर्‍यो भने त्यसको जिम्मा पनि उसैलाई दिइन्छ किनकि त्यो काम गर्न उसले अनुमति दियो भन्ने धारणा हिब्रू वा इस्राएलीहरूमा थियो। बाइबलका प्रेरणा पाएका लेखकहरूले त्यो कामको श्रेय प्रायजसो परमेश्वरलाई दिन्थ्ये। उहाँ नै सक्रिय हुनुभएकोले जे हुनु थियो सो भयो भन्ने विश्वास हिब्रूहरूमा थियो। जे हुनु थियो त्यसलाई रोक्ने वा नरोक्ने अनुमति परमेश्वरले नै दिनुहुन्छ भनेर पश्चिमी मूलुकका मानिसहरूले पनि सोच्दछन्।

उदाहरणमा "परमेश्वरले फारोको हृदय कठोर पार्नुभयो।"- "मेथदस अभ बाइबल स्टडी" सेक्सन ४। बाइबललाई व्याख्या गर्ने बेलामा उब्जिने कतिपय प्रश्नहरू तत्कालीन संस्कार, संस्कृति वा सामाजिकताले पनि उठाउँछन्। के बाइबल कुनै निश्चित संस्कृति वा सभ्यताको निम्तिमात्र दिइएको हो वा बाइबलका ज्ञानहरू केवल त्यस सभ्यताको आधारमामात्र दिइएको हो? के बाइबल पौराणिक शास्त्र हो र अहिलेको सन्दर्भमा त्यसको उपयोगिता नै छैन भनेर भन्न सकिन्छ? वा के परमेश्वरले दिनुभएको सन्देश केवल निश्चित संस्कृति वा सभ्यतामामात्र निहित नभएर सम्पूर्ण मानव सभ्यता जहाँ वा जहिले भएतापनि लागु हुन्छ र? के बाइबल सबै मानवीय सभ्यता, संस्कार, संस्कृति वा समाज भन्दा अपार छैन र? जब हामी बाइबलको व्याख्या गर्छौं तब त्यसको अर्थ वा व्याख्या कसैको व्यक्तिगत सामाजिक, संस्कार वा संस्कृतिको अनुभवको आधारमा गर्छौं भने ती तत्वहरू धर्मशास्त्रलाई जाँच्न वा त्यसको मूल्याङ्कन गर्न निर्णायक मापदण्ड हुदैन र ? प्रेरित १७:२६मा पावलले वास्तविकताको घतलाग्दो दृष्टिकोण वा धारणा प्रस्तुत गर्दछन्। जसलाई प्रायजसोले त पढ्दा हल्कारूपमा पढ्दछन्। हामी सबै मानव प्राणी एउटै रगतबाट बनेका हौं भनेर उनी भन्दछन्। संस्कार, समाज, संस्कृति, सभ्यता, देश आदिले गर्दा हामी फरक भएतापनि बाइबल अनुसार ती भिन्नताको बाबजुद पनि एउटै साझा सुत्र छ जसले गर्दा हामी सम्पूर्ण मानव जातिलाई एउटै बनाउँछ। त्यो हो परमप्रभु सनातनको परमेश्वर जो सारा मानव जीवनको सृष्टिकर्ता हुनुहुन्छ। हाम्रो पापी स्वभाव र मुक्तिको आवश्यकता कुनै एक संस्कार, संस्कृति, सभ्यता वा समाजमा सिमित छैन तर येशू ख्रीष्टको मृत्यु र पुनरुत्थानले उपलब्ध गराएको मुक्तिको आवश्यकता हामी सबैलाई छ।

परमेश्वरले निश्चित पुस्ता, समाज वा जातिसँग बोल्नुभएतापनि उहाँका वचनहरू उहाँले लेख्न दिनुभएर ती वचनमा भएका सत्यहरू तिनीहरूको निम्तिमात्र सिमित नगरेर जसले पढ्छ ती सबै युगका मानिसहरूको निम्ति आवश्यक छ भन्ने हेतुले उहाँले दिनु भएको थियो। बाइबलका सत्यहरू कुनै स्थानीय वा ऐतिहासिक परिस्थितिमा लेखिएतापनि ती सत्यहरू कुनै स्थान र इतिहासको परिधिभित्र सिमित गरिएको छैन। त्यसलाई समानान्तररूपमा बुझ्ने हो भने गणितको एक शास्त्र अलजेब्रालाई लिन सक्छौं। यो बगदाद वा इराकमा ९औं शताब्दिमा पहिलो पटक सुत्रपात गरिएको थियो। तर त्यसको

अर्थ त्यो गणित शास्त्रका सत्य र सिद्धान्त वा अध्ययनहरू केवल त्यहीँ समय र स्थानमामात्र लागु भएको , वा सिमित भएको छ र? निश्चय नै छैन।

बाइबलमा दिइएका सत्यहरूलाई पनि त्यही यथार्थमा हेर्नुपर्दछ। हाम्रो संस्कार, स्थान, इतिहास वा संस्कृतिभन्दा धेरै अगाडि र भिन्नै मानव जातिलाई दिइएको भएतापनि बाइबलमा लेखिएका सत्यहरू अहिले पनि हाम्रो निम्ति सान्दर्भिक वा उपयोगी छन् र त्यसमा औँल्याइएका नितिहरू पालन गर्नु आवश्यक छ। परमेश्वरको वचन जुन बेलामा जसलाई दिइएतापनि त्यो पुरानो कुरा वर्तमान समय वा सभ्यतामा उपयोगी छैन भनेर त्यो सत्यलाई पन्छाउँनु हाम्रो निम्ति हितकारी हुनेछैन।

## ४. हाम्रा पापी र पतित स्वभाव

**बाइबलमा दिइएको सत्यको सन्देशलाई स्वीकार नगर्न मानिसहरूलाई केले बाधा दिएको थियो? हाम्रै निम्ति पनि चेतावनी र सतर्कताका वचनहरू देहायका घट्ना तथा पदहरूमा किन छ? हेर्नुहोस्, यूहन्ना ९ विशेष गरेर पद ३९-४१ "१ त्यहाँबाट जाँदैगर्दा येशूले एक जना जन्मैको अन्धालाई देख्नुभयो। २ उहाँका चेलाहरूले उहाँलाई सोधे, "रब्बी, कसले पाप गऱ्यो, यसले कि यसका आमा-बुबाले, र यो अन्धो जन्म्यो?" ३ येशूले जवाफ दिनुभयो, "न त यसले पाप गऱ्यो न यसका आमा-बुबाले, तर यो यस हेतुले भयो कि परमेश्वरको काम यस मानिसको जीवनमा प्रकट होस्। ४ मलाई पठाउनुहुनेका कामहरू हामीले दिन छँदै गर्नुपर्छ। रात आउँछ, जब कसैले काम गर्न सक्दैन। ५ म संसारमा रहुञ्जेल म संसारको ज्योति हुँ।" ६ यी कुरा भनेर उहाँले भूइँमा थुक्नुभयो, र थूकले माटो मुछेर लेप बनाई त्यसका आँखामा लगाइदिनुभयो। ७ अनि उहाँले त्यसलाई भन्नुभयो, "जाऊ, सिलोआमको (जसको अर्थ हो, पठाइएको) तलाउमा गएर पखाल।" त्यसले गएर पखाल्यो, र देख्ने भएर फर्क्यो। ८ त्यसका छिमेकीहरू र त्यसलाई भीख मागेको देख्नेहरूले भने, "बसेर भीख माग्ने मान्छे के यही होइन?" ९ कसै-कसैले भने, "यो त्यही हो।" अरूले भने, "होइन, यो त्यहीजस्तो देखिन्छ।" त्यसले भन्यो, "म त्यही हुँ।" १० तब तिनीहरूले त्यसलाई सोधे, "तेरो आँखा कसरी खोलिए त?" ११ त्यसले जवाफ दियो, "येशू भन्ने एक जना मानिसले माटोको लेप बनाएर मेरा आँखामा लगाइदिएर मलाई भन्नुभयो, 'सिलोआममा जाऊ र पखाल।' तब गएर मैले पखालें, र म देख्ने भएँ।" १२ तिनीहरूले त्यसलाई भने, "तिनी कहाँ छन् त?" त्यसले भन्यो, "म**

जान्दिनँ।" १३ अघि अन्धो हुने त्यस मान्छेलाई तिनीहरूले फरिसीहरूकहाँ
ल्याए। १४ जुन दिन येशूले माटोको लेप बनाएर त्यसका आँखा
खोलिदिनुभएको थियो त्यो शबाथ-दिन थियो। १५ फरिसीहरूले त्यसलाई सोधे,
"तँ कसरी देख्ने भइस्?" त्यसले तिनीहरूलाई भन्यो, "उहाँले मेरा आँखामा
माटोको लेप लगाइदिनुभयो, अनि मैले पखालें र देख्ने भएँ।" १६
फरिसीहरूमध्ये कुनै-कुनैले भने, "त्यो मानिस परमेश्वरबाट आएको होइन,
किनकि त्यसले शबाथ-दिन पालन गर्दैन।" तर अरूहरूले भने, "कसरी पापी
मानिसले यस्ता चिन्हहरू गर्न सक्तछ?" र तिनीहरूका बीचमा फाटो हुन गयो।
१७ तिनीहरूले त्यस अन्धालाई फेरि सोधे, "उसले तेरा आँखा खोलिदिएछ, अब
उसको विषयमा तँ के भन्छस्?" त्यसले जवाफ दियो, "उहाँ अगमवक्ता
हुनुहुन्छ।" १८ दृष्टि पाउने मानिसका आमाबाबुलाई बोलाएर नसोधुञ्जेल
यहूदीहरूले त्यो अन्धो थियो र देख्ने भयो भनेर विश्वास गरेनन्। १९ तब
तिनीहरूले उनीहरूलाई सोधे, "के यो तिमीहरूको छोरो हो जो अन्धो जन्मेको
थियो भनी तिमीहरू भन्छौ? त अब कसरी त्यो देख्न सक्ने भयो?" २० त्यसका
आमा-बुबाले तिनीहरूलाई भने, "हामी जान्दछौं यो हाम्रो छोरो हो, र अन्धो
जन्मेको थियो। २१ तर अब यो कसरी देख्ने भयो हामी जान्दैनौं, अथवा यसका
आँखा कसले खोलिदिए त्यो पनि हामी जान्दैनौं। यसको उमेर पुगेको छ,
यसैलाई सोध्नुहोस्। आफ्नो विषयमा त्यो आफै बोल्नेछ।" २२ त्यसका आमा-
बुबाले यी कुरा भने, किनकि उनीहरू यहूदीहरूदेखि डराउँथे। किनभने कसैले
उहाँलाई ख्रीष्ट भनी स्वीकार गऱ्यो भने, त्यसलाई सभाघरबाट निकाल्नुपर्छ भनी
यहूदीहरू अघि नै सहमत भएका थिए। २३ यसैकारण त्यसका आमा-बुबाले
भने, "यसको उमेर पुगेको छ, यसैलाई सोध्नुहोस्।" २४ तब तिनीहरूले त्यस
अन्धो मानिसलाई दोस्रो पल्ट बोलाएर भने, "परमेश्वरलाई महिमा दे। हामी
जान्दछौं यो मान्छे पापी हो।" २५ त्यसले जवाफ दियो, "उहाँ पापी हुनुहुन्छ
कि हुनुहुन्न, म जान्दिनँ। एउटै कुरा मात्र म जान्दछु कि म अन्धो थिएँ, तर
अब देख्दछु।" २६ तब तिनीहरूले त्यसलाई भने, "उसले तँलाई के गऱ्यो?
उसले तेरा आँखा कसरी खोलिदियो?" २७ त्यसले तिनीहरूलाई जवाफ दियो,
"मैले तपाईंहरूलाई अघि नै भनिसकें, तर तपाईंहरूले सुन्नुभएन। अब फेरि किन
सुन्न चाहनुहुन्छ? तपाईंहरू पनि उहाँका चेला हुन चाहनुहुन्छ कि कसो?" २८
तिनीहरूले त्यसलाई गाली गर्दै भने, "तँ पो उसको चेला होस्, तर हामी त
मोशाका चेला हौं। २९ हामीलाई थाहा छ मोशासँग परमेश्वरले बोल्नुभएको

थियो, तर हामीलाई थाहा छैन यो मानिसचाहिँ कहाँको हो।" ३० त्यस मानिसले जवाफ दिई तिनीहरूलाई भन्यो, "कस्तो विचित्र कुरो! उहाँ कहाँबाट आउनुभएको हो तपाईंहरू जान्नुहुन्न, तर मेरा आँखा उहाँले खोलिदिनुभयो। ३१ हामी जान्दछौं कि परमेश्वर पापीहरूका कुरा सुन्नुहुन्न, तर परमेश्वरको भय मान्ने र उहाँको इच्छा पालन गर्ने व्यक्तिको कुरा परमेश्वरले सुन्नुहुन्छ। ३२ संसार सुरु भएदेखि यसो जन्मैको अन्धाका आँखा कसैले खोलिदिएको कुरा कहिल्यै सुनिएन। ३३ यदि यी मानिस परमेश्वरबाट नआउनुभएको भए उहाँले केही गर्न सक्नुहुनेथिएन।" ३४ तिनीहरूले त्यसलाई जवाफ दिई भने, "तँ त बिलकुलै पापमा जन्मेको थिइस्, र के अब तँ हामीलाई सिकाउन चाहन्छस्?" अनि तिनीहरूले त्यसलाई बाहिर निकालिदिए। ३५ तिनीहरूले त्यसलाई बाहिर निकालिदिए भन्ने येशूले सुन्नुभयो, र त्यसलाई भेट्टाएर भन्नुभयो, "के तिमी मानिसको पुत्रमाथि विश्वास गर्दछौ?" ३६ त्यसले जवाफ दिई भन्यो, "प्रभु, उहाँ को हुनुहुन्छ? म उहाँमाथि विश्वास गर्नेछु?" ३७ येशूले त्यसलाई भन्नुभयो, "तिमीले उसलाई देखेका छौ, अनि तिमीसँग बोल्ने उही नै हो।" ३८ तब त्यसले भन्यो, "प्रभु, म विश्वास गर्दछु", र त्यसले उहाँलाई दण्डवत् गऱ्यो। ३९ अनि येशूले भन्नुभयो, "म न्यायको लागि यस संसारमा आएँ, कि नदेख्नेहरूले देखून् र देख्नेहरूचाहिँ अन्धा होऊन्।" ४० यी कुरा सुनेर उहाँका नजिकै हुने फरिसीहरूमध्ये कुनै-कुनैले उहाँलाई भने, "के हामी पनि अन्धा हौं त?" ४१ येशूले तिनीहरूलाई भन्नुभयो, "तिमीहरू अन्धा भए ता पापको दोषी हुनेथिएनौ, तर तिमीहरू 'हामी देख्छौं' भन्दछौ, यसकारण तिमीहरूको पाप रहिरहन्छ।" र यूहन्ना १२:४२,४३ "४२ तरै पनि शासकहरूमध्ये धेरैले उहाँमाथि विश्वास गरे, तर फरिसीहरूको डरले गर्दा, र तिनीहरूले सभाघरबाट निकालिदिन्छन् भन्ने डरले त्यो स्वीकार गरेनन्। ४३ किनभने परमेश्वरको प्रशंसाभन्दा मानिसको प्रशंसा तिनीहरू बढ़ी रुचाउँथे।"

## ५. बाइबल व्याख्या गरेर वा अर्थ लगाएर बुझ्नु किन जरुरी छ

व्यक्तिगतरूपमामात्र होइन तर चर्चले नै धर्मशास्त्र बाइबललाई स्पष्टरूपमा बुझ्न किन महत्त्वपूर्ण छ? हेर्नुहोस्, नेहमिया ८:१-९ "१ सातौं महिना लाग्दा जब इस्राएलीहरू आ-आफ्ना सहरहरूमा स्थापित भएका थिए, तब व्यक्तिगतरूपमामात्र होइन तर चर्चले नै धर्मशास्त्र बाइबललाई स्पष्टरूपमा बुझ्न किन महत्त्वपूर्ण छ? हेर्नुहोस्, नेहमिया ८:१-९ "१ सातौं महिना लाग्दा जब

इस्राएलीहरू आ-आफ्ना सहरहरूमा स्थापित भएका थिए, तब सबै मानिसहरू पानी ढोकाका सामुको चोकमा एउटै मानिसजस्तै गरी भेला भए। परमप्रभुले इस्राएललाई आज्ञा गर्नुभएको मोशाका व्यवस्थाको पुस्तक ल्याउन तिनीहरूले शास्त्री एज्रालाई भने। २ यसर्थ सातौं महिनाको पहिलो दिनमा पूजाहारी एज्राले समुदायको सामुन्ने, अर्थात् सुनेका कुरा बुझ्न सक्ने सबै पुरुष र स्त्रीहरूका सामुन्ने व्यवस्थाको पुस्तक ल्याए। ३ तिनले त्यसबाट पानी ढोकाका सामुको चोकपट्टि फर्केर बिहानदेखि मध्यदिनसम्म पुरुष, स्त्री र बुझ्नेहरूको उपस्थितिमा पढ़े; र सबै मानिसहरूले व्यवस्थाको पुस्तकबाट पढ़िएको कुरा ध्यानसँग सुने। ४ शास्त्री एज्रा त्यस्तै कामको लागि बनाइएको एउटा काठको मञ्चमा उभिए। तिनको दाहिने हातपट्टि तिनको छेउमा मत्तित्याह, शेमा, अनायाह, उरियाह, हिल्कियाह र मासेयाह खड़ा थिए। तिनको देब्रेपट्टि पदायाह, मीशाएल, मल्कियाह, हाशूम, हशबदाना, जकरिया, र मशुल्लाम उभिएका थिए। ५ एज्राले पुस्तक खोले। सबै मानिसहरूले तिनलाई देख्न सके, किनकि तिनीहरूभन्दा तिनी उच्चमा खड़ा भएका थिए। जसै तिनले पुस्तक खोले, सबै मानिसहरू खड़ा भए। ६ एज्राले परमप्रभु महान् परमेश्वरको प्रशंसा गरे, र सबै मानिसहरूले आ-आफ्ना हात उठाएर यसो भनेर जवाफ दिए, "आमेन, आमेन।" त्यसपछि तिनीहरूले आ-आफ्नो शिर निहुराएर परमप्रभुको सामुन्ने नम्रतापूर्वक दण्डवत् गरे। ७ लेवीहरू– येशूअ, बानी, शेरेबियाह, यामीन, अक्कूब, सब्बतै, होदियाह, मासेयाह, कलीता, अजर्याह, योजाबाद, हानान, पलयाहले चाहिँ मानिसहरूलाई आ-आफ्नो ठाउँमा उभिएकै बेला व्यवस्था बुझाइदिए। ८ तिनीहरूले परमेश्वरका व्यवस्थाको पुस्तक राम्ररी पढ़ेर त्यसको अर्थ मानिसहरूले बुझ्न सक्ने गरी बुझाइदिए। ९ तब राज्यपाल नहेम्याह, पूजाहारीशास्त्री एज्रा र मानिसहरूलाई शिक्षा दिइरहेका लेवीहरूले तिनीहरू सबैलाई भने, "आजको दिन परमप्रभु तिमीहरूका परमेश्वरको निम्ति पवित्र छ। विलाप नगर, अनि नरोओ।" किनभने व्यवस्थाका वचनहरू सुनेर तिनीहरू सबै रुँदैथिए।"

मुक्तिको विषयमा जान्नु पर्ने विषय र हामीले कसरी मुक्ति पाउछौं भन्ने विषयबस्तु मानव जीवनको निम्ति अत्यन्तै अत्यावश्यक सन्देश नै बाइबलको मूल विषयबस्तु हो। आखिरमा हाम्रो जीवनको औचित्य के नै छ र? येशू आफैले भन्नुभएको थियो यस संसारले उपलब्ध गराउने सबै थोक हामीले पायौं तर अनन्त जीवन गुमायौं भने हामीलाई के फाइदा भयो र? (मत्ती १६:२६)।

तर बाइबलले मुक्ति वा अनन्त जीवनको बारेमा सिकाएको थाहा पाउन त्यसलाई कसरी व्याख्या गरिएको छ त्यसमा भर पर्छ। यदि हामीले बाइबललाई गलत ढङ्गले लियौं र व्याख्या गऱ्यौं भने त्यसले गलत निष्कर्षमा

पुऱ्याउन सक्छ। त्यो गलत मनस्थितिले केवल मुक्तिको बारेमामात्र होइन तर बाइबलले सिकाएका सबै शिक्षादीक्षाहरूलाई पनि असर पार्दछ। येशूका चेला र पावलको पालामा नै बाइबल र परमेश्वरको बारेमा गलत शिक्षादीक्षाहरू चर्चमा घुसिसकेका थिए। आफ्नो भाऊ  खोज्ने ती देखावटी इसाई भनाउँदा अगुवाहरूले नै बाइबललाई गलत ढङ्गले व्याख्या गरेर मानिसहरूलाई मख्ख पारेका थिए र चर्चलाई विभावजित पारेका थिए।

**बाइबललाई उचित, शुद्ध र सही तरिकाले अध्ययन गर्नु अत्यन्तै जरुरी छ भनेर २ पत्रुस ३:१४-१८ले कसरी जोड दिँदछ? हेर्नुहोस्, "१४ यसकारण प्रिय हो, तिमीहरू यी कुराको प्रतीक्षा गर्नेहरू भएका हुनाले, उहाँको दृष्टिमा तिमीहरू दाग वा खोट नभएकाहरू र शान्तिमा बस्नेहरू हुन प्रयत्न गर। १५ हाम्रा प्रभुको धैर्यलाई मुक्तिझैं ठान। हाम्रा प्रिय भाइ पावलले पनि उनलाई दिइएको बुद्धिअनुसार तिमीहरूलाई यही कुरा लेखे। १६ उनका सबै पत्रहरूमा पनि उनले यी कुराहरूको उल्लेख गरेका छन्। तिनमा कुनै-कुनै कुराहरू बुझ्न कठिन छन्, र अशिक्षित र चञ्चल मानिसहरूले यी कुराहरूलाई अरू धर्मशास्त्रहरूलाई जस्तै उल्टापाल्टा पार्छन्, र आफ्नै विनाश ल्याउँछन्। १७ यसकारण प्रिय हो, अघिबाटै यी कुरा जानेर होशियार रहो, दुष्ट मानिसहरूको भूल कुरामा अलमलिएर आफ्नो स्थिरता नगुमाओ। १८ तर हाम्रा प्रभु र मुक्तिदाता येशू ख्रीष्टको अनुग्रह र ज्ञानमा बढ्दैजाओ। उहाँलाई अहिले र सदासर्वदा महिमा होस्। आमेन।"**

हामी बाइबलका जनहरू हौं। हामी बाइबल र बाइबलले सिकाए अनुसारमात्रै जीउन चाहन्छौं। बाइबल बाहेक हाम्रो सामु अरू कुनै स्रोत वा आधार छैन जसले हाम्रो आत्मिक जीवनमा प्रभाव पार्न सकोस। ती स्रोतहरूमा हाम्रो परम्परा, संस्कार, समाज,  हामीले जानेका र हामीलाई सिकाइएका आत्मिक शिक्षादीक्षा र चर्चले नै सिकाउने शिक्षादीक्षा वा व्याख्या नै किनन‌होस् तिनीहरू हाम्रो अनन्त जीवनको स्वामी होइनन् न त तिनीहरूले सिकाए अनुसार वा तिनीहरूले व्याख्या गरे अनुसार जीउनै पर्छ भन्ने अख्तियारी हामीमाथि लगाउने तिनीहरूको अधिकार छ। त्यसैकारण जब हामी व्यक्तिगत वा सामुहिकरूपमा बाइबल पढ्छौं वा अध्ययन गर्छौं तब उचित, सही र शुद्ध तरिकाले त्यसको व्याख्या गर्नु अत्यन्तै जरुरी हुन्छ किनभने अरूले भनेको आधारमा होइन, तर हामीले कसरी जीउने र केमा विश्वास गर्ने भन्ने आधिकारिक स्रोत केवल बाइबल र बाइबलमात्रै हो।

हामीले सिकाएका धर्मदर्शन वा शिक्षादीक्षा र चर्चको लक्ष्यलाई स्वस्थ्य राख्न बाइबलको सही व्याख्या अत्यन्तै आवश्यक विषय भएको

सत्यलाई हामी प्रत्येक सेभेन्थ-डे एडभेन्टिस्टले बुझ्नु जरुरी छ। सही, शुद्ध र उचित ढङ्गले बाइबल व्याख्या गर्न सकिएन भने हाम्रो शिक्षादीक्षा र धर्मदर्शनमा एकता हुँदैन। जसले चर्चको एकता र लक्ष्यलाई नै बिगार्दछ। खराबी वा तोडमोड गरिएको शिक्षादीक्षा वा धर्मदर्शनले चर्चको लक्ष्यलाई नै कमजोर र भताभुङ्ग पारिरहेको हुन्छ। आखिरमा, यदि हामीले संसारलाई दिने सन्देशको विषयमा हामी नै अलमलमा छौं भने त्यो सन्देश सुन्न आवश्यक छ भनेर मानिसहरूलाई हामी कसरी विश्वस्त पार्न सक्छौं र?

**प्रकाश १४:६-१२मा उल्लेख गरिएका ती स्वर्गदूतका सन्देश पढ्नुहोस्। त्यसमा दिन खोजिएको धर्मदर्शन वा आत्मिक शिक्षा के हो? त्यसलाई ठिकसँग बुझ्नु भनेको हाम्रो चर्चको लक्ष्य महत्त्वपूर्ण गतिमा पुऱ्याउनु हो भनेर हामीले कसरी महसुस गर्ने? हेर्नुहोस्, "६ अनि अर्को स्वर्गदूतलाई मध्य आकाशमा उड़िरहेका मैले देखें। पृथ्वीमा रहने हरेक जाति, कुल, भाषा र मानिसलाई घोषणा गर्ने अनन्त सुसमाचार तिनीसँग थियो। ७ तिनले चर्को सोरमा भने, "परमेश्वरसँग डराओ, र उहाँलाई महिमा देओ। किनकि उहाँका इन्साफको घड़ी आएको छ। स्वर्ग, पृथ्वी, समुद्र र पानीका मूलहरू बनाउनुहुनेलाई दण्डवत् गर।" ८ अनि एउटा अर्को स्वर्गदूत, अर्थात् दोस्राचाहिँ यसो भन्दै पछिपछि लागे, "पतन भयो! जाति-जातिलाई आफ्नो व्यभिचारका क्रोधको मद्य पिउन लाउने महान् बेबिलोनको पतन भयो।" ९ त्यसपछि तेस्रा स्वर्गदूत चर्को सोरले यसो भन्दै तिनीहरूका पछि आए, "यदि कुनै मानिसले त्यो पशु र त्यसको मूर्तिलाई पुज्यो र निधार वा हातमा त्यसको छाप लियो भने, १० त्यसले पनि उहाँका क्रोधको कचौरामा केही नमिसाई तयार गरिएको परमेश्वरका क्रोधको कड़ा मद्य पिउनेछ, र पवित्र स्वर्गदूतहरू र थुमाको सामुन्ने आगो र गन्धकमा त्यसलाई यातना दिइनेछ। ११ तिनीहरूका यातनाको धूवाँ सदासर्वदा मास्तिर गइरहनेछ। तिनीहरू यी नै हुन् जसले त्यो पशु र त्यसको मूर्तिलाई पूजा गर्छन्, र त्यसका नाउँको छाप लिन्छन्। तिनीहरूले दिनरात कहिल्यै पनि आराम पाउनेछैनन्।" १२ परमेश्वरका आज्ञाहरू पालन गर्ने र येशूमाथि विश्वास राख्ने सन्तहरूको धैर्य धारण यसैमा छ।"**

## उपसंहारः

**थप जानकारीः** एलेन जी ह्वाइटद्वारा लिखित स्टेप्टु क्राइस्ट वा अचम्मको प्रेममा उल्लेखित अध्याय "ह्वाट टु डु विथ डाउट वा शङ्कालाई के गर्ने" पढ्नुहोस्।

www.adventistbiblicalresearch.org/materials/bible-interpretation-hermeneutics/methods-bible-study मा उल्लेखित देहायका सामग्रीहरू पढ्नुहोस्, सेक्सन १को "मेथडस् अफ बाइबल स्टडी", सेक्सन २को "बाइबल स्टडीः प्रिसपोजिशनस्, प्रिन्सिपल्स एण्ड मेथडस्' र "प्रिसवोजिशन्स एराइजिङ्ग फ्रम द क्लेम अफ स्क्रिप्ट्युचर" र सेक्सस्न ३को "प्रिन्सिपल्स फर आप्रोचिङ्ग द इन्टरप्रिटेशन अफ स्क्रिप्ट्युचर।"

"जब तपाईं बाइबल पढ्नुहुन्छ तब त्यसबेला तपाईंले पहिला नै खोजअनसुन्धान गरेर विश्वास गरिएका धारणाहरू, तपाईंको परिवार र अध्ययन गरेर दिमागमा रहेका तर्क र धारणाहरूलाई सुरुमै थन्क्याउनुपर्छ। तपाईंको आफ्नै तर्कलाई प्रमाणित गर्न बाइबल पढ्नुहुन्छ भने तपाईं कहिल्यै पनि सत्यमा पुग्नुहुन्न। ती सबै थोकहरू पूर्ण रूपमा त्यग्नुहोस् र परमेश्वरले तपाईंलाई के भनिरहनुभएको छ सो नम्र हृदयले सुन्नुहोस्। जब सत्यको खोजी गर्ने मानिस नम्र भएर येशूको पाऊमा पर्दछ र उहाँबाट सिक्दछ तब परमेश्वरको वचनले उसलाई बुझ्ने क्षमता दिनुहुन्छ। जो मानिस आफू बुद्धिमानी छु, मलाई कति न कति थाहा छ र आफ्नै तरिकाले बाइबल पढ्छु भनेर जिद्दी गर्छ तब उसलाई येशू ख्रीष्टले भन्नुहुन्छ, "यदि तिमी मुक्तिको निम्ति आत्मज्ञान पाएर बुद्धिमानी हुन चाहन्छौ भने तिमी कोमल र नम्र हृदयका साथ आउनैपर्छ।

"पहिला अरूले के भने र अरूको धारणा के छ भन्ने मनस्थिति लिएर बाइबल नपढ्नुहोस्। दिमागी पूर्वाग्रहलाई स्वतन्त्र बनाएर बाइबलमा भएका सत्यहरूलाई होशियार र प्रार्थनापूर्वक खोज्नुहोस्। जब तपाईं बाइबल पढ्नुहुन्छ त्यसबेला तपाईंको मनपर्ने धारणासँग वचन बाझ्दछ भने तपाईंको धारणालाई प्रमाणित गर्ने वा मिलाउने प्रयास नगर्नुहोस्। तपाईंले जे सोच्नुहुन्छ त्यो परमेश्वरको वचनसम्मत होस्। विगतमा के विश्वास गर्नुभयो वा त्यस अनुसार चल्नुभयो भन्ने तत्वले तपाईंको समझशक्तिलाई नियन्त्रण गर्न नदिनुहोस्। व्यवस्थाका अनेकौं अचम्मलाग्दा कुराहरू हेर्न तपाईंको दिमागी आँखालाई खोल्नुहोस्। परमेश्वरको वचनमा के लेखिएको छ सो थाहा पाउनुहोस् र तपाईंको पाऊ अनन्तको चट्टानमा राख्नुहोस्।"-एलेन जी ह्वाइट, मेसेजेज टु योङ्ग पिपुल्स, पृ. २६०बाट रूपान्तरित।

**चिन्तनमनन्:**

अ. संसारप्रतिको हाम्रो दृष्टिकोण, हाम्रो शिक्षा, संस्कार, संस्कृति र रहनसहनले बाइबलको व्याख्यामा कसरी प्रभाव पार्दछ? बाइबललाई व्याख्या गर्ने क्रममा बाहिरी प्रभावहरूबाट मुक्त हुन किन जरूरी छ? कतिपय समयमा बाइबलले के भन्छ होइन अरू विद्वानले के भन्छ त्यसका आधारमा बाइबल अध्ययन गर्ने हाम्रो चलन नभएको पनि होइन।

आ. हामी सबै पापी छौं र पापले हामीमा नकारात्मक प्रभाव पारेको छ भन्नेमा हामी सबै सहमत छौं। हाम्रो बाइबल अध्ययनमा पापले कसरी असर पार्दछ? अर्थात् बाइबललाई गलत ढङ्गले व्याख्या गर्न पापले कसरी घचेड्न सक्छ? कतिपय समयमा बाइबलले नै मनाही गरेका कुराहरूको पालना गर्ने चाहनालाई आफ्नै ढङ्गले व्याख्या गरेर तोडमोड गरेर पढ्ने प्रवृत्ति हामीमा हुन्छ। बाइबल कसरी व्याख्या गर्ने भन्ने तरिकालाई प्रभाव पार्ने अन्य पापपूर्ण तत्वहरू के के हुन सक्छन्?

इ. बाइबलको समयमा भएको सभ्यता, संस्कार, संस्कृति र रहनसहनको वारेमा थाहा पाइयो भने बाइबलका कतिपय अंशहरूलाई अझ राम्रोसँग बुझ्न सकिन्छ। त्यसकारण बाइबल अध्ययन गर्दा कतिपय समयमा बाइबल कुन परिवेश र संस्कारमा लेखिएका थिए सो कुरा जान्ने प्रयास गर्नुपर्छ।

## कथा ६
## पोलान्डमा गुमाइएका चार छोराहरू
## आन्द्रु मेकचेस्नी, एडभेन्टिस्ट मिशन

युरोप देश पोलान्डको लोडज् सहरको विसलावा विनियर्सकालाई चार जना छोराहरू दिएर परमेश्वरले आशिष दिनुभएको थियो।

अनि २६ वर्षको उनको छोरो ग्रजिगोर्जको सानो दुर्घट्नामा परि मृत्यु भयो। एक दिन ऊ रेल चल्ने बाटोमा दगुर्दै थियो। अत्यन्तै रेसले कुदी रहेको रेलको हावाले उसलाई तानेर मारिदियो। उनको छोरो जासेकले २८ वर्षको उमेरमा आत्महत्या गऱ्यो। आफ्नो जीवनसँग ऊ संघर्ष गरिरहेको थियो तर त्यसलाई थाम्न नसकेर उसले आत्महत्या गरेको थियो। वर्ष ३०को छोरो स्लावेकलाई गुण्डाहरूले नराम्रोसँग पिटे र अस्पतालमै उसको मृत्यु भयो। उनको कान्छो छोरो जारोस्लको मगजमा ट्युमर भएको थियो। त्यसबेला ऊ १६ वर्षको थियो। धेरै अपरेशनहरू गरेपछि ३३ वर्षको उमेरमा उसको पनि मृत्यु भयो।

बुढेसकालमा विनियस्र्कालाई सहायता गर्ने कोही छोराहरू पनि थिएनन्। ६८ वर्षको उमेरमा उनी आफैलाई पनि रोगले सताउन थालेको थियो। उनलाई मधुमेह अर्थात् चिनीको रोग लागेको थियो। दुई पल्ट उनलाई पक्षाघात भयो। उनको ढाडमा गम्भिर समस्याहरू थियो र लठ्ठीको सहायताले उनी हिँड्थिन्। उनको आँखा पनि धमिलो हुँदै गएको थियो र उनी अन्धी नै हुनेछिन् भन्ने उनले ठानेकी थिइन्। "मेरो जीवन गुलाबको डस्नामा लडेको थिएन तै पनि म भन्न सक्छु कि म खुशी छु। अझ भनौं भने अहिले जस्तो म कहिल्यै पनि खुशी थिइँन" मुस्कुराउँदै विनियास्र्काले भनिन्।

धेरै वर्ष पहिले एक जना डाक्टर पढ्ने विद्यार्थी टोमास्ज कारौडाले उनको ढोका ढकढकाएर *साइन अभ द टाइम्स्* एडभेन्टिस्ट पत्रिका उनको हातमा राखि दिएको थियो। त्यसपछि टोमास्ज बारम्बार उनलाई भेट्न आउँथ्यो र उनलाई हौसला दिन्थ्यो। उनको मर्न लागेको छोरो जारोस्ललाई अस्पताल वा हस्पिसमा भेट्न जान टोमाजले सहयोग गरेको थियो। जब उनको छोरोको मृत्यु भयो त्यस दिन टोमाजेले उनलाई सान्त्वना दिएको थियो।

"मेरो जीवनमा सहयोग गर्ने सबभन्दा पहिलो व्यक्ति टोमाज थियो। उसले मलाई परमेश्वरतिरको बाटो देखायो" अत्यन्तै हँसिलो भएर विनियस्र्काले भनिन्।

उनको कान्छो छोरोको मृत्यु भएपछि उनले आफ्नो हृदय येशूलाई दिइन्।

"म आफूलाई अय्यूब जस्तो सम्झन्छु। मैले धेरै थोकहरू पाएँ र धेरै थोकहरू गुमाएँ पनि। तर अय्यूबलाई जस्तो परमेश्वरले मलाई दोस्रो जीवन दिनुभयो" परमेश्वरप्रतिको आस्थामा प्रतिवद्ध हुदै उनले भनिन्।

विनियस्र्कालाई भजन २३:४ असाध्यै मन पर्छ। यसमा लेखिएको छ "मृत्युको छायाँमा म हिँड्नुपरेतापनि म खराबदेखि डराउनेछैन किनभने तपाईं मेरो साथमा हुनुहुन्छ। तपाईं मेरो लट्ठी र लौरो हुनुहुन्छ। तिनले मलाई सान्त्वना दिन्छ" (रूपान्तरित)।

*(विनियस्र्का आफ्नो जीवन कहानी एडभेन्टिस्टहरूलाई सुनाउन असाध्यै मन पराउँछिन्। उनको कथा सुनेर युवायुवतीहरू आँखाबाट आँसु झार्छन्। मैले जस्तो अरू कसैले पनि कष्ट नपाउन् भनेर उनी भन्छिन्। "परमेश्वरको प्रेमले मलाई जीवित राखेको छ। जब मैले बप्तिस्मा लिएँ तब मैले नयाँ जीवन सुरू गरेँ। परमेश्वरबिना मलाई के हुने हो सो मलाई थाहा छैन" विनियस्र्काले भनिन्। यस त्रैमासिकको भेटीको केही भाग पोल्यान्डमा होप च्यानले टेलिभिजन स्टुडियो बनाउन सघाउने छ)।*